रुरुक्षेत्र गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

घिउबेंसी, गुल्मी, लुम्बिनी प्रदेश नेपाल ।

प.सं. : ०८२/०८३

च.नं. :

सूचना नम्बरः १०५

मितिः २०८३।०२।१३

## भिडियो प्रतियोगिता सम्बन्धी सूचना

यस रुरुक्षेत्र गाउँपालिकाको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक तथा पूर्वाधारजन्य गौरवलाई देशविदेशमा पहिचान गराई आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ "रुरुक्षेत्र चिनौं, चिनाऔं र भ्रमण गरौं" शीर्षकमा राष्ट्रव्यापी भिडियो ब्लग (Vlog) प्रतियोगिता आयोजना गर्न लागिएको हुँदा इच्छुक सम्पूर्ण नेपाली नागरिकहरूबाट रचनात्मक तथा कलात्मक भिडियो ब्लगको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. प्रतियोगिताका मुख्य उद्देश्यहरूः

- नेपालको चार धाम मध्येको एक पावन क्षेत्र रुरुक्षेत्रको आध्यात्मिक पहिचानलाई विश्वमाझ स्थापित गर्ने।
- 'नेपालको बनारस' भनिने ऐतिहासिक रुरु (रिडी) को पौराणिक र सांस्कृतिक विरासतलाई उजागर गर्ने।
- कालिगण्डकी नदी र शालिग्रामको धार्मिक तथा वैज्ञानिक महत्त्वलाई स्थापित गर्दै प्राचीन सभ्यता संरक्षणको सन्देश दिने।
- रुरु (रिडी) मा रहेको तीन मुखे झोलुङ्गे पुल जस्ता आधुनिक इन्जिनियरिङका नमूनालाई पर्यटकीय आकर्षणको केन्द्र बनाउने।
- डिजिटल माध्यमबाट स्थानीय स्तरमा उत्पादित प्रसिद्ध कफी, उखु, खुँदो तथा गुडलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारीकरण गर्ने।

*२. भिडियो ब्लगमा अनिवार्य समेटिनुपर्ने विषयवस्तुहरूः*

- धार्मिक एवं ऐतिहासिक पृष्ठभूमिः ऋषिकेश मन्दिर, रिडी र चार धामको पौराणिक कथा, कला र संस्कृति।
- पर्यटकीय क्षेत्रः रिडी बजार, बम्घाकोट र श्रृङ्गेश्वर तपोभूमि जस्ता महत्वपूर्ण क्षेत्रहरू।
- कालिगण्डकी करिडोर र शालिग्रामः कालिगण्डकी नदीको तट, शालिग्रामको विशेषता र महत्व साथै यस करिडोरले जोड्ने उत्तर-दक्षिण रणनीतिक सम्बन्ध।
- इन्जिनियरिङको अद्भूत नमुनाः गुल्मी, पाल्पा र स्याङ्जा जिल्लालाई जोड्ने तीन मुखे झोलुङ्गे पुलको अद्वितीय बनोट र मनोरम दृश्य।
- प्राकृतिक तथा साहसिक पर्यटनः रिडी खोलामा सञ्चालित बोटिङ र नेपालकै दोस्रो लामो र अग्लो थोर्गा-भट्कुवा झोलुङ्गे पुलमा 'आकाशमा पदयात्रा' को अनुभव।
- स्थानीय जीवनशैली र स्वादः रुरुक्षेत्रको प्रसिद्ध कफी, उखुको खुदो, गुड तथा स्थानीय समुदायको मौलिक संस्कार।
- भौतिक तथा सामाजिक-आर्थिक विकासः गाउँपालिकाले गरेका भौतिक, सामाजिक र आर्थिक क्षेत्रका सकारात्मक परिवर्तन र भावी कृषि-पर्यटनका सम्भावनाहरू।

*३. प्रतियोगिताको रूपरेखा, प्राविधिक मापदण्ड र पुरस्कार राशिः*

- सहभागिताः नेपालभरिका इच्छुक सम्पूर्ण नागरिक तथा भिडियो निर्माताहरू।
- भिडियोको अवधिः ५ देखि ६ मिनेट (न्यूनतम ५ मिनेट, अधिकतम ६ मिनेट)।
- प्राविधिक गुणस्तरः उच्च गुणस्तर (HD वा 4K Format मा हुनुपर्ने)।
- भाषा/सब-टाइटलः अन्तर्राष्ट्रिय पहुँच सुनिश्चित गर्न भिडियोमा अनिवार्य रूपमा अंग्रेजी सब-टाइटल (English Sub-titles) राखिएको हुनुपर्नेछ।

दिनेश ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत



CS Scanned with CamScanner

रुरुक्षेत्र गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
घिउबेंसी, गुल्मी, लुम्बिनी प्रदेश नेपाल ।

प.सं. : ०८२/०८३
च.नं. :

४. पुरस्कार विवरण:

- उत्कृष्ट भिडियो ब्लग पुरस्कार (विजेता): नगद रु. १,००,०००/- (अक्षरेपि एक लाख रुपैयाँ मात्र) र प्रमाणपत्र।
- पपुलर भ्यूअर अवार्ड (प्रोत्साहन पुरस्कार): नगद रु. २५,०००/- (अक्षरेपि पच्चीस हजार रुपैयाँ मात्र)।

*(नोट: उत्कृष्ट छनोटमा नपरेका सहभागीहरुले आफुले बनाएको भिडियो आफ्नो व्यक्तिगत युटुब च्यानलमा अपलोड गरेको ३ महिनाभित्र सर्वाधिक हेरिएको आधारमा यो पुरस्कार प्रदान गरिनेछ।)*

*५. नियम, सर्त तथा कार्यान्वयन प्रक्रिया:*

- आवेदन दिने म्याद: यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र (अर्थात मिति २०८३ असार ३ गते (कार्यालय समयभित्र) तोकिएको डिजिटल वा भौतिक माध्यमबाट आवेदन र भिडियो बुझाइसक्नुपर्नेछ।
- डिजिटल अभियान: सहभागीहरूले भिडियोको छोटो अंश (Teaser) सामाजिक सञ्जालमा राख्दा अनिवार्य रूपमा #VisitRuruKshetra र #ExploreRuRuKshetra ह्याशट्यागहरू प्रयोग गर्नुपर्नेछ।
- मूल्याङ्कन समिति: प्राप्त भिडियोहरूको निष्पक्ष जाँचका लागि एक स्वतन्त्र छनौट समिति गठन गरिनेछ।
- प्रतिलिपि अधिकार (Copyright): प्रतियोगितामा छनोट र पुरस्कृत भिडियोको प्रयोग गर्ने पूर्ण अधिकार (Copyright) रुरुक्षेत्र गाउँपालिकामा रहनेछ। गाउँपालिकाले उक्त भिडियोलाई आफ्नो आधिकारिक प्रचार सामग्रीको रूपमा जहाँसुकै र जहिलेसुकै प्रयोग गर्न पाउनेछ।
- मौलिकताको ग्यारेन्टी: भिडियो पूर्णतया मौलिक हुनुपर्नेछ। अन्य कतैबाट चोरी गरिएको वा पुरानो भिडियोको टुक्रा प्रयोग गरिएको पाइएमा सहभागीलाई स्वतः अयोग्य ठहर गरिनेछ।

६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रवर्द्धन रणनीति:

- उत्कृष्ट भिडियोहरूलाई अंग्रेजी भाषामा रूपान्तरण गरी प्रचार गरिनेछ।
- नेपाल पर्यटन बोर्ड (Nepal Tourism Board) सँग समन्वय गरी बोर्डको आधिकारिक वेबसाइट र सामाजिक सञ्जालहरूमा यी भिडियोहरूलाई स्थान दिइनेछ।
- छिमेकी राष्ट्र भारतका धार्मिक पर्यटकहरू र संसारभर रहेका गैरआवासीय नेपाली (NRN) हरूलाई लक्षित गरी सामाजिक सञ्जालमार्फत व्यापक प्रवर्द्धन गरिनेछ।

थप जानकारीको लागि:
मोबाईल नम्बर: ९८५७०८६९१६

प्रमुख प्रशासकीय अधिकृत

दिनेश ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत



CS Scanned with CamScanner